

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत २२ गते बिहीबार ❑ 4 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी प्रदेशमा चैत २७ गतेभित्र सरकार गठन गर्न आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

गण्डकी प्रदेशमा यही चैत २७ गतेसम्म नयाँ सरकार गठनको लागि आव्हान गरिएको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बुधबार बिहान राजीनामा दिएपछि गण्डकी प्रदेशको मुख्यमन्त्री पदमा दाबी पेस गर्न संसदमा प्रतिनिधित्व गर्ने दलहरूलाई प्रदेश प्रमुख डिल्लीराज भट्टले एक साताको समय सिमा दिदै सरकार गठनको लागि आव्हान गर्नु भएको हो।

नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई चैत २७ गते दिउँसो ३ बजेभित्र नयाँ मुख्यमन्त्री पदमा दाबी पेस गर्न आह्वान गरिएको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता चण्डी प्रसाद अर्यालद्धारा जारी गरिएको प्रेस विज्ञप्तिमा जनाइएको छ।

अर्को प्रदेश मन्त्रिपरिषद् गठन नभएसम्म नेपालको संविधानको धारा १६९ को उपधारा (३) बमोजिम यही प्रदेश मन्त्रि परिषद्ले कार्य सञ्चालन गर्ने गरी तोक्नु भएको उहाँले जनाउनु भयो। मुख्यमन्त्री पाण्डेले बुधबार नेपालको संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम प्रदेश प्रमुख समक्ष लिखित राजिनामा दिनु भएको थियो। गत फागुन २३ गते माओबादी केन्द्रले समर्थन फिर्ता लिएसंगै प्रदेश सरकार अल्पमतमा परेकोले बिहीबार भित्र विश्वासको मत लिनु पर्ने भएकोले विश्वासको मत पाउने आधार नभए पछि मुख्यमन्त्री पाण्डेले राजीनामा दिनु भएको हो। सदनमा निर्णायक शक्तिको रुपमा रहेको राप्रपाले काग्रेंसलाई समर्थन नगर्दासम्म कागेंस नेतृत्व सरकारले विश्वासको मत पाउने आधार नभएकोले राजीनामा दिनु भएको हो। अघिल्लो बैशाख १४ गते माओबादी समेतको समर्थनमा पाण्डे नेतृत्वको सरकार बनेको भएपनि गत फागुन २३ गते माओबादीले समर्थन फिर्ता लिएपछि प्रदेश सरकार अल्पमतमा परेको हो। सो अवसरमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारको नेतृत्व समालेपछि प्रदेशलाई आत्मनिर्भर र समृद्ध बनाउन इमानदारीपूर्वक काम गरेको बताउनुभएको छ।



प्रदेश प्रमुख डिल्लीराज भट्ट समक्ष राजीनामा बुझाएपछि सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले सुशासनको प्रत्याभूति दिन सरकार सफल भएको र कामको आत्मसन्तुष्टि मिलेको बताउनुभयो। पाण्डेले भन्नुभयो, "एघार महिने कार्यकालको अनुभवबाट आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा नयाँ र कार्यान्वयन हुने योजना ल्याउने विषयमा योजना बनाएको थिएँ। तर राजनीतिक घटनाक्रम बदलियो। प्रदेशलाई आत्मनिर्भर र समृद्ध बनाउने सिलसिलामा इमानदारीपूर्वक काम गरे भन्ने लाग्छ।" पाण्डेले सङ्घीयता कार्यान्वयनका लागि संविधानअनुसार बन्नुपर्ने कानुनहरू हालसम्म नबनेको र संविधानअनुसार कानुन ल्याउन आफूले प्रमुख भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो। नेपाल कांग्रेस संसदीय दलका नेता समेत रहनुभएका पाण्डेले राजीनामापछि समेत संविधानको धारा एक सय ६८ को उपधारा दुई अनुसार दुई वा दुईभन्दा बढी राजनीतिक दलको समर्थनमा सरकार बनाउने व्यवस्था रहेकाले पुनः सरकारको दाबी गर्ने बताउनुभयो। प्रदेशसभामा राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)को समर्थनले महत्व राख्ने र राप्रपाले चैत २७ गतेसम्म सरकार बनाउने खेलमा नलाग्ने भनेकाले सदनमा गएर आफूले विश्वासको मत नमागेकोपाण्डेलेबताउनुभयो।उहाँले भन्नुभयो,"गण्डकीप्रदेशकोसंसदको बनोटअनुसार राप्रपाले समर्थन गर्नुको धेरै महत्व राख्दछ। राप्रपा आन्दोलनमा रहेका बेला सरकार बनाउने खेलमा नलाग्ने भनेकाले मैले सदनमा गएर विश्वासको मत लिनतर्फ आवश्यक ठानिन। संविधानअनुसार मैले कि विश्वासको मत लिनुपर्ने थियो कि राजीनामा दिनुपर्ने थियो। राजीनामापछि नयाँ सरकार बन्ने प्रक्रिया सुरु भयो।" जनताले सुशासन र स्थिरता खोजे पनि अहिलेका घटनाक्रम जनताका चाहनाको विपरीत रहेको जिकिर गर्दै उहाँले राजनीतिक दलहरूले जिम्मेवार भएर सोच्नुपर्नेमा जोड दिनुभयो।

राप्रपाका सांसद तथा पूर्व मन्त्री पञ्चराम गुरुङले अहिलेको अबस्थामा आफुहरु आन्दोलनमा रहेकोले प्रदेश सरकार गठन प्रकृयामा तटस्थ नै बस्ने बताउनु भयो। गण्डकी प्रदेशसभामा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल हो। कूल ६० सदस्यीय प्रदेशसभा कांग्रेसका २७, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २२, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सभामुखसहित आठ, राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र स्वतन्त्र एक सदस्य छन्। सरकार गठनका लागि ३१ सदस्यको समर्थन आवश्यक पर्दछ।

## पोखरामा आगामी सातादेखि महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

'पर्यटन, संस्कृति र खाना' नाराका साथ कास्कीको पोखरामा यही चैत २९ गतेदेखि फेवा नववर्ष महोत्सव, २०८१ आयोजना हुनेभएको छ।

होटल सङ्घ पोखराले काठमाडौंमा बुधबार पत्रकार सम्मेलन गरी तीन दिनसम्म चल्ने सो महोत्सवमा रैथाने एवं परम्परागत खानाको प्रवर्द्धन, सांस्कृतिक झाँकी, लोकदोहरी एवं पर्यटक दौड प्रतियोगितालगायत पर्यटन प्रवर्द्धनसँग सम्बन्धित विविध कार्यक्रम प्रस्तुत हुने जनाएको छ।

पोखराको ड्यामसाइड चोकदेखि खहरेचोकसम्म करिब साढे तीन किलोमिटरसम्म आयोजना गरिने मनोरञ्जनात्मक कार्यक्रममा सहभागी हुँदा कुनै पनि किसिमको शुल्क नलाग्ने आयोजकले स्पष्ट गरेको छ। यसैगरी पोखराका होटलले महोत्सव अवधिभरका लागि यसअघि लिँदै आएको सेवा शुल्कमा २० प्रतिशतका दरले छुट दिने निणर्य गरेको होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो। अध्यक्ष सुवेदीले १९औँ संस्करणअन्तर्गत हुन गइरहेको फेवा महोत्सवमा पोखरा र गण्डकी प्रदेशका दुई लाख स्थानीय बासिन्दासहित अन्य स्वदेशी एवं विदेशीसमेत गरी जम्मा तीन लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको बताउनुभयो। होटल सङ्घ नेपालका अध्यक्ष विनायक शाहले औपचारिकरूपमा पर्यटकीय राजधानी घोषणा भइसकेपछि पोखरामा हुन गइरहेको महोत्सवलाई सफल तुल्याउन तीनै तहको सरकारसहित सम्बद्ध क्षेत्रका सबै पक्षबीच सहयोग र सहकार्य भइरहेको जानकारी दिँदै महोत्सव ऐतिहासिकरूपमा सफल हुने विश्वास व्यक्त गर्नुभयो। होटल सङ्घ पोखराका महासचिव राजेन्द्र ढकालले कोभिड-१९ सङ्क्रमणका कारण प्रत्यक्ष प्रभावित मुलुकको होटल व्यवसायलाई लयमा फर्काउने सन्दर्भमा हुन गइरहेको फेवा महोत्सवबाट आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो।



पोखरामा अहिले रु पाँच खर्बको लगानीमा बनेका एक हजार २०० होटलमा ४० हजार बेड रहेको र १५ हजार नेपालीले रोजगारी पाएको होटल सङ्घ पोखराका अध्यक्ष सुवेदीले जानकारी दिनुभयो। कोभिड-१९ सङ्क्रमणपछि पोखराका करिब २५ प्रतिशत होटल व्यवसायी पेसाबाट विस्थापित भएको र करिब पाँच हजारले प्रत्यक्ष एवं अप्रत्यक्षरूपमा रोजगारी गुमाएको उल्लेख गर्दै आयोजक पक्षले आसन्न पोखरा महोत्सवलाई थप उपलब्धिमूलक बनाउने अभियानमा साथ दिन सबैसँग अनुरोध गरेको छ।

## अन्नपूर्ण क्षेत्रमा भित्रिए ३० हजार पर्यटक

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

एकै महिनामा ३० हजार एक सय ९९ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार दक्षिण एसियाली मुलुकका १४ हजार छ सय ६८ र अन्य देशका १५ हजार पाँच सय ३१ जना पर्यटकले गत मार्चमा सो क्षेत्रको भ्रमण गरेका हुन्।

अन्नपूर्ण चक्रीय पदमार्ग विश्वभरका पदयात्री पर्यटकको रोजाइमा रहेकाले चिसो याम समाप्त भएसँगै पर्यटक आगमन बाक्लिएको एक्यापका प्रमुख डा रविन कडरियाले बताउनुभयो। "वैशाखको अन्त्यसम्ममा यस क्षेत्रमा भित्रने


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## 'सरकार नागरिकमा आशा जगाउन केन्द्रित'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ चैत

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले सरकार नागरिकमा आशा जगाउने काममा केन्द्रित भएको बताउनुभएको छ।

म्याग्दीको बेनीमा बुधबार नेकपा (एमाले) का कार्यकर्तासँगको भेटघाट कार्यक्रममा मन्त्री गिरीले सरकारले नागरिकमा आशा जगाउँदै सुशासन र समृद्धिको मुद्दालाई प्राथमिकता दिएको बताउनुभयो। "एक डेढ वर्षको अवधिमा जनतामा चरम निराशा छाएको थियो।

जनताको चुलो निभ्ने अवस्था सिर्जना भयो", उहाँले भन्नुभयो, "जनतामा रहेको निराशालाई चिरेर आशा जगाउनुपर्ने जिम्मेवारी पूरा गर्न वर्तमान सरकारले प्राथमिकता दिएको छ।" नागरिकले व्यवहारमा सुशासनको महसुस गर्ने वातावरण बनाउन सरकार भ्रष्टाचार नियन्त्रण गर्न निर्मम भएको मन्त्री गिरीले बताउनुभयो। सङ्घीयता र संविधान कार्यान्वयनका लागि कानुन तथा नीति नियम बनाउन संसद्लाई विजनेस दिन खोजे पनि प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले अवरोध सिर्जना गरेको उहाँले टिप्पणी गर्नुभयो। मन्त्री गिरीले पर्वतको जलजला गाउँपालिका-२ दहमा सोमबार राति हत्या गरिएका सूर्यबहादुर र गमला जिसीका परिवारका सदस्यलाई भेटेर सान्त्वना दिनुभयो। घटनामा संलग्नको पहिचान गरी पक्राउ गर्न सुरक्षा संयन्त्र परिचालन भएको र अपराधीलाई कानुनअनुसारको कारबाही गरिने उहाँले बताउनुभयो।

भेटघाट कार्यक्रममा एमाले म्याग्दीका उपाध्यक्ष प्रमोद श्रेष्ठले म्याग्दीको विकासका लागि मन्त्री गिरीसँग जिल्लावासीले अपेक्षा राखेको बताउनुभयो। बेनी नगरपालिकाका प्रमुख सुरत केसीले कानुनको अभावमा स्थानीय सरकारले प्रभावकारी काम गर्न नसकेको गुनासो गर्नुभयो।

## स्याङ्जा दुध, अण्डा र मासुमा आत्मनिर्भर

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ चैत


स्याङ्जा उत्पादन र खपतका हिसाबले दुध, अण्डा र मासुमा आत्मनिर्भर बनेको छ।

भेटेरनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले उपलब्ध गराएको तथ्याङ्क अनुसार स्याङ्जा दुध, अण्डा र मासुमा आत्मनिर्भर बनेको हो। दुई लाख ५३ हजार २४ जनसंख्या रहेको जिल्लामा वार्षिक दुई करोड ८४ लाख ६३ हजार लिटर दुध उत्पादन हुन्छ। वार्षिक प्रतिव्यक्ति न्युनतम ९१ लिटर दुध उपभोग गर्नुपर्छ। प्रतिव्यक्ति एक सय १२ लिटर दुध उपलब्धता भएको स्याङ्जाबाट आन्तरिक खपतपछि ५३ लाख १३ हजार पाँच सय चार लिटर दुध निकासि हुँदै आएको छ। जिल्लामा खासगरी भैसी र गाईको दुध उत्पादन हुँदै आएको छ। आन्तरिक खपत र निकासी हुने दुधमा भैसीको २६ हजार सात सय १३ र गाईको एक हजार सात सय ५० मेट्रिकटन दुध उत्पादन हुने गरेको पशु विज्ञ केन्द्रका वरिष्ठ पशु चिकित्सक रुपेश श्रेष्ठले बताए।

वार्षिक न्यूनतम ४८ वटा अण्डा उपभोग गुर्नपर्ने मापदण्ड रहेपनि स्याङ्जमा प्रतिव्यक्ति दुई सय ३१ वटा अण्डा उत्पादन हुन्छ। पाँच करोड ८६ लाख २७ हजार अण्डा उत्पादन हुने जिल्लामा उपभोगपछि वार्षिक चार करोड ६४ लाख ८१ हजार आठ सय ४८ अण्डा निकासी हुने गरको कार्यालयले जनाएको छ। भीरकोट नगरपालिकाको हेलुस्थित खिलुङ् कालिका एग्रो फार्मले जर्मनी प्रविधिमा दैनिक झण्डै डेढ लाख वटा अण्डा उत्पादन गर्दै आएको छ। जिल्लाका भीरकोट, वालिङ र आसापास क्षेत्रका लेयर्स कुखुरापालक कृषकले पनि अण्डा उत्पादन गर्दै आएका छन्।

मासुमा समेत आत्मनिर्भर रहेको जिल्लामा वार्षिक ३५ सय ५२ मेट्रिकटन मासु उत्पादन हुदै आएको छ। प्रतिव्यक्ति वार्षिक १४ किलो मासु चाहिनेमा आन्तरिक उत्पादनले जिल्लालाई धानेको छ। मासु उत्पादनमा सबै भन्दा बढि भैसी, राँगा, खसी, बाख्रा र कुखुरा छ भने भेडा र बंगुर सामान्य मात्रामा उत्पादन हुन्छ। जिल्लाका पुतलीबजार, भीरकोट, वालिङ, गल्याङ्, चापाकोट र आँधीखोलामा बढिमात्रामा दुध उत्पादन हुँदै आएको केन्द्रका पशु विकास अधिकृत गोपाल गिरीले बताए। उनका अनुसार उत्पदनका हिसाबले चापाकोट, बिरुवा, कालिगण्डकीमा बढि मात्रामा मासु उत्पादन हुन्छ।

६८ हजार नौ सय २३ घरधुरी रहेको जिल्लामा ४५ हजार दुई सय १२ घरपरिवार पशुपालनमा संलग्न छन्। विज्ञ केन्द्रका अनुसार जिल्लामा छ सय १४ बाख्रा, चार सय ८ कुखुरा, दुई सय नौ गाईभैसी फार्म सहित साना र ठूला गरी १४ सय ८९ वटा पशुपंक्षी फार्महरु संचालनमा छन्। दुध, अण्डा र मासु उत्पादनमा वर्षेनी बृद्धि हुदै आएको कार्यालयले जनाएको छ।

# लापसे प्रयोगरी सवारी चलाउने ६ जना नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ चैत

जिल्ला प्रहरी कार्यालय स्याङ्जाले लागु पदार्थ सेवन (लापसे) गरी सवारी चलाउने ६ जना चालकलाई नियन्त्रणमा लिएको छ।

दुर्घट्ना न्युनिकरण गर्न जिल्ला प्रहरी र जिल्ला ट्राफिक प्रहरीले शुरु गरेको लापसे चेकजाँचका क्रममा ६ जना सवारी चालक नियन्त्रणमा परेका हुन् । प्रहरीले पिसाबबाट लागु पदार्थ सेवन (लापसे) गरे नगरेको पहिचान गर्ने अभियान सुरु गरेकै दिनमा उनीहरु पक्राउ परेको प्रहरीले जनाएको छ।



प्रहरीले शुरु गरेको अभियानकै क्रममा ६ जना चालक लापसे गरी चलाएको भेट्टिएपछि सिद्धार्थ राजमार्ग लगायत भित्री सडकहरुमा पनि चालकले लापसेगरी सवारी चलाउन सक्ने अनुमान प्रहरीले गरेको छ । प्रहरीले चेकजाँच गर्नेक्रममा रुपन्देशी जिल्ला बुटवल नगरपालिका ११ बस्ने ४७ बर्षिय पदमबहादुर डिसुवा, स्याङ्जा वालिङ ११ का ३६ बर्षिय साजन थापा, कास्की पोखरा महानगरपालिका २९ का २६ बर्षिय विशाल गुरुङ, पोखरा महानगरपालिका १९ का ४८ बर्षिय होमबहादुर खत्री, स्याङ्जा पुतलीबजार नगरपालिका १ का २६ बर्षिय अजय नेपाली र फेदिखोला गाउँपालिका २ बस्ने ३७ बर्षिय अमृत मिजारलाई नियन्त्रणमा लिइएको स्याङ्जाका प्रहरी प्रवक्ता इन्द्र बहादुर रानाले जानकारी दिए । प्रहरीले नियन्त्रणमा लिइएको सवारीचालकले लागु औषध गाँजा सेवन गरेको खुलेको प्रहरी प्रवक्ता रानाले बताए । जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको संयुक्त आयोजनामा शुरु गरिएको यो अभियानको स्याङ्जाका प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले शुभारम्भ गरेकी छन् । कार्यक्रमको शुभारम्भकै दिन आधा दर्जन सवारी चालक लापसेगरी सवारी चलाउने भेटिनु दुखद रहेको बताइन् । बढ्दो दुर्घटना न्यूनिकरणका लागि यस्ता परिक्षण प्रभावकारी बन्ने विश्वास प्रजिअ नेपालको छ।

सबै खालका सवारी साधान चालक मानसिक एवं शारिरीक रुपमा स्वस्थ्य हुनैपर्छ भन्ने यो अभियानको उद्देश्य रहेको उनले बताइन्। सवारी चालक र सवारी साधन दुवै स्वास्थ्य रहेमात्रै सुखद यात्रा हुने प्रजिअको भनाई छ।

चालक तथा सहचालकको पिसाब ल्याब परिक्षणबाट लापसे गरे नगरेको पहिचान ५ मिनेटमै थाहा पाउन सकिने ल्याब प्रयोग गरिएको छ। राजमार्ग मात्र नभई जिल्लाका भित्री सडकमा पनि लापसे परिक्षण गरिने प्रहरी उपरीक्षक शालिग्राम शर्माले जानकारी दिए। सोमबारदेखि सुरु अभियानलाई जिल्लाभर लागु गरिने प्रहरी प्रमुख शर्माको भनाई छ। अभियान शुभारम्भकै दिनमा प्रहरी प्रमुख शर्माले राजमार्गमा चल्ने सवारी साधनका यात्रुहरु सगँ समेत परामर्स गरेका छन्।

गण्डकी यातायात प्रा.लि.ले जिल्ला प्रहरी कार्यालय र ट्राफिक प्रहरी कार्यालयलाई संयुक्तरुपमा लापसे परिक्षण किट सोही कार्यक्रममा सहयोग गरेको छ । अभियान सुरु भएसंगै वुटवल, पाल्पा हुदै स्याङ्जा र पोखरासम्म पुग्ने दर्जनौं सवारी साधनका चालक तथा सहचालकको लापसे परिक्षण गरिएको थियो । जिल्लामा पहिलो पटक लागु गरिएको यो अभियानलाई निरन्तरता दिनुपर्ने यात्रुहरुले बताएका छन् । मादक पदार्थ खाएको सजिलै थाहा पाउन सकिने तर लागुपदार्थ सेवन गर्ने बिषय थाहा पाउन नसकिने यो गम्भीरता प्रति प्रहरीले शुरु गरेको यो अभियानको स्थानीयहरुले प्रशंसा गरेका छन्।

# महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) को टोली सिरुवारीमा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

पर्यटन क्षेत्रमा कृयाशिल महिलाहरूको संस्था महिला पर्यटन व्यवसायी मञ्च(ओटेफ) को टोली बुधबार स्याङजाको पर्यटकीय गाउँ सिरुवारी आइपुगेको छ।



२०७४ सालदेखि पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा कृयाशिल ओटेफले आफ्नो वार्षिक कार्ययोजना अनुसार विभिन्न पर्यटकीय गाउँहरूमा कार्यक्रम गर्दै आएकोमा सिरुवारीमा कार्यक्रम गर्न लागिएको ओटेफका अध्यक्ष उमा रेग्मीले जानकारी दिनुभयो। पर्यटन क्षेत्रमा कृयाशिल व्यवसायी, सञ्चारकर्मी सहितको टोली सिरुवारी आएको जानकारी दिदै अध्यक्ष रेग्मीले बिहीबार आँधिखोला गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत लगायतको सहभागितामा "गाउँ पर्यटन प्रवर्द्धनका लागि स्थानीय समुदायको सहभागिता" विषयक अन्तरक्रिया गरिने बताउनुभयो । टोलीमा पर्यटन व्यवसायी, सञ्चारकर्मी सहित ५५ जना सहभागिता रहेको कार्यक्रम संयोजक मञ्जु शर्मा भट्टराईले जानकारी दिनुभयो। नेपालमै पहिलोपटक गाउँ पर्यटनको सुरुवात भएको गाउँका रुपमा सिरुवारीले चासो र चर्चा कमाएको छ।

# पोखरामा नयाँ विषयमा नाटक मञ्चन हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

रेनाँसा थिएटरको प्रस्तुतीमा पोखरामा नयाँ नाटक मञ्चन हुने भएको छ। नयाँ वर्षको शुरु (वैशाख १) देखि १५ दिनसम्म नाटक मञ्चन हुने निर्देशक ध्रुव पौडेलले जानकारी दिए।

साहित्यकार बुद्धिसागरको कथालाई नाटकमा रुपान्तरण गरेर नाटक मञ्चन गरिनेछ । स्मृति बिक्रि केन्द्र शिर्षकको कथालाई ऋतेशले नाट्य रुपान्तरण गरेका हुन्।



नाटकले विज्ञान र प्रविधिको क्षेत्रमा भविष्यमा हुनसक्ने चमत्कारिक विकासलाई उठान गरेको निर्देशक पौडेलले बताए । 'विज्ञान र प्रविधिको क्षेत्रमा दैनिक जसो चमत्कारहरु भईरहेका छन् । निकट भविष्यमा हामीले नाटकमा उठाएको विषयजस्तो चमत्कार नहोला भन्न पनि सकिन्न ।' उनले भने । पोखराको गैरापाटन स्थित पोखरा थिएटरको गन्धर्व नाटकघरमा नाटक मञ्चन हुनेछ । शनिवार तथा सार्वजनिक विदाको दिनमा दुई शो तथा अन्य दिन एक शो नाटक मञ्चन हुने रेनाँसा थिएटरका सँस्थापक एम डि काफ्लेले जानकारी दिए । नाटकमा प्रमिला तुलाचन, राजेन्द्र अधिकारी, विभु प्रसाद भुसाल, जनक पराजुली, विष्णु तिमिल्सिना, लक्ष्मण डुम्रे, उमा पुन, शितला अधिकारी, प्रियङ्का खड्का, कविता घर्तीमगर, सुस्मिता काप्री, सन्देश भण्डारी लगायतले अभिनय गरेका छन् । यो नाटकबाट पोखराका दर्शकले नयाँ स्वाद प्राप्त गर्ने रेनैंसा थिएटरले विश्वास व्यक्त गरेको छ । 'पोखरामा धेरै नाटकहरु मञ्चन भए, दर्शकहरुले मन पराउनुभएको छ।' निर्देशक पौडेलले भने, 'पौराणिक कथामा आधारित, लोक नाटक लगायत अन्य धेरै विषयहरुमा मञ्चन भएका छन्, तर अहिले हामीले विल्कुल फरक विषयमा प्रस्तुती दिन खोजेका छौ।' नाटक मञ्चनका लागि अहिले अभ्यास र सेट निर्माणको काम धमाधम भईरहेको थिएटरले जनाएको छ।

# पोखरामा मनुश्री/भिग्नाजित जुनियर टेनिस सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

पोखरामा तेश्रो संस्करणको मनुश्री/भिग्नाजित जुनियर टेनिस प्रतियोगिता सुरु भएको छ।

कास्की जिल्ला टेनिस संघको आयोजना उक्त प्रतियोगिता पोखरा रंगशालास्थित टेनिस सेन्टरमा सुरु भएको हो। प्रतियोगिताको पहिलो दिन गर्ल्स र ब्वाइजतर्फ गरी सात खेल सम्पन्न भएको टुर्नामेन्ट डाइरेक्टर प्रिती बरालले जानकारी दिएकी छन्।

पहिलो दिन यू-१० ब्वाइजतर्फ इभान भट्टारई जित निकालेका छन् । उनले रजन खडका लाई ६-३, ६-० ले पाखा लगाए। त्यसै गरी यू-१० तर्फनै संघर्ष फौदारले ओमयूग थापालाई ६-०, ६-१ ले पराजित गर्दा सोही उमेर समुह गर्ल्सतर्फ आर्या पौडेलले बुन्नी एस मेघनलाई ६-१, ६-२ ले पराजित गरिन् । त्यसै गरी ब्वाइज यू-१२ निश्चल गुरुङले बेदान्त चालिसेलाई ६-१, ६-० ले पराजित गर्दा संघर्ष पौडेल वाक ओभर पाउँदै दोस्रो चरणमा प्रवेश गरे। उनले सुभन केसीबाट वाक ओभर पाए। त्यस्तै सभ्य कार्कीले यलिश गौतमलाई ६-१, ६-१ ले र अमृत मल्लले ओमायूग थापालाई ६-०, ६-१ ले पराजित गरे।

यस अघि प्रतियोगिताको उद्धकाटन गर्दै जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बाँनियाले कास्की टेनिस टेनिस विकासको अभियानमा जुटेकोमा प्रशंसा गर्दै सो अभियानलाई जिल्ला खेलकुदले सदैव साथ र सहयोग रहने प्रतिवद्धता जनाए । कास्की टेसिनका उपाध्यक्ष राजकुमार गुरुङ (राजु)को अध्यक्षतामा भएको उद्धाटन कार्यक्रममा कास्की टेनिसका उपाध्यक्ष नविन चालिसे, सल्लाहकार द्वय बसन्त प्रधान, विष्णु बहादुर थापालगायतको सहभागिता रहेको थियो।

चेत्र २५ गते सम्म पोखरा रंगशालास्थित टेनिस कोर्टमा सञ्चालन हुने प्रतियोगितामा कुल १४ वटा इभेन्टमा ब्वाईजतर्फ ४० र गर्ल्सतर्फ ३० गरी कुल ७० जना खेलाडीहरुले प्रतिस्पर्धा जनाएका छन् । प्रतियोगितामा यू-८, यू-९, यू-१०, यू-१२, यू-१४ र यू-१६ ब्वाइज तथा गर्ल्स सिंगल्सका साथै ओपन ब्वाईज तथा गर्ल्स डबल्समा प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा जनियर नेपाल र्‍याकिङ खेलाडीहरुको सहभागिता छ भने करिव २ लाख ३१ हजार पुरस्कार राशीमा खर्च हुने कास्की टेनिसले जनाएको छ। प्रतियोगितामा यू-१२ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले जनही नगद रु १० हजार तथा उपबिजेताले जनही नगद रु ५ हजार सहित मेडल प्राप्त गर्नेछन्। यू-१४ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले समान जनही नगद रु १५ हजार, उपबिजेताले समान जनही नगद रु ७ हजार ५ सयसहित मेडल प्राप्त गर्नेछन् । यू-१६ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले समान जनही नगद रु २० हजार उपबिजेताले समान जनही नगद रु १० हजार तथा ब्वाईज तथा गर्ल्स ओपन डबल्सतर्फ बिजेताले समान जनही नगद रु २० हजार उपबिजेताले समान जनही नगद रु १० हजारसहित मेडल प्राप्त गर्नेछन्।

त्यस्तै यू-८, यू-९ र यू-१०, ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेता तथा उपबिजेताले नगद समान रु ४ हजार र २ हजारसहित मेडल प्राप्त गर्ने छन् । प्रतियोगितामा पोखरा, बुटवल, काठमाण्डौ र चितवनका खेलाडीहरुको सहभागिता छ । प्रतियोगिता विभिन्न उमेर समुहका नेपाल र्‍याकिङ्ग आयर्शराज पौडेल, शाल्भी शेरचन, इभान भट्टराई, जिवाश्री भट्टराई, जिवाश भटट्राई, दर्शिल श्रेष्ठ, जियोभानी केसी, शास्वत बज्रचार्य, शिर्जन भट्टराई, सन्दिप विक, इलेश गौतम, निश्चल ज्ञवाली, विशेष विश्व डल्लाकोटीले विभिन्न इभेन्टमा प्रतिस्पर्धा गर्ने चालिसेको भनाई छ । प्रतियोगिता सम्पन्न गर्न करिव ४ लाख खर्च हुने छ । प्रतियोगितालाई कुमार श्री मोहन बहादुर शाहीले मुख्य प्रायोजन गरेका छन् । उनले विगत तीन वर्ष देखि आफ्ना नाती-नातीनाको नाममा उक्त प्रतियोगितामा प्रायोजन गर्दै छन्।


## अन्नपूर्ण ...

पर्यटकको सङ्ख्या अझ बढ्छ", उहाँले भन्नुभयो, "असोज-कात्तिक र चैत-वैशाख पदयात्रा पर्यटनका लागि उत्तम मानिन्छ।" यी दुवै याममा अन्नपूर्ण क्षेत्रको पदयात्राका लागि आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने गरेको उहाँले बताउनुभयो । अघिल्लो वर्ष एक सय ७३ देशका एक लाख ९१ हजार पाँच सय ५८ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका थिए ।यो सङ्ख्या हालसम्मकै बढी भएको आयोनजा उहाँले जानकारी दिनुभयो । त्यसअघि सबैभन्दा बढी सन् २०१९ मा एक लाख ८१ हजार पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए। सन् २०२१ मा १६ हजार एक सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । सन् २०२२ मा एक लाख २९ हजार सात सय ३३ पर्यटक आएका थिए ।

पछिल्लो समय यो क्षेत्रको भ्रमणमा आउने भारतीय पर्यटकको सङ्ख्यामा वृद्धि भए पनि तेस्रो मुलुकका पर्यटकको आगमन भने घट्दै गएको आयोजना प्रमुख कडरियाले बताउनुभयो। "पुराना पदमार्ग विस्थापित हुँदै जाँदा पदयात्राका लागि आउने युरोप-अमेरिकाका पर्यटकको संख्यामा केही कमी आएको देखिन्छ", उहाँले भन्नुभयो।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायत गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन्। अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता र संस्कृतिका कारण पर्यटकको रोजाइमा पर्ने गरेको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# प्रदेश झन अस्थिर

गण्डकी प्रदेशमा काङ्ग्रेसका सुरेन्द्र राज पाण्डे मुख्यमन्त्री बनेको एक बर्ष नपुग्दै राजीनामा गरेका छन । काङ्ग्रेस माओवादी गठबन्धनबाट मुख्यमन्त्री बनेका पाण्डे माओवादीले एमालेसंग गठबन्धन गरेपछि बहुमत नपुग्ने देखेर राजीनामा गरेका छन । शुरुमा एमालेका खगराज अधिकारी माओवादी र राप्रपाको समर्थनमा मुख्यमन्त्री भएका थिए। माओवादीले एमालेसंगको गठबन्धन तोडेर काङ्ग्रेस नेतृत्वमा गएपछि अधिकारी नेतृत्वको सरकार तीन महिनामा ढलेको थियो ।

१५ महिनामा तेश्रो पटक प्रदेश प्रमुख डिल्लीराज भट्टले सरकार गठनको आह्वान गरेका छन् । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले राजीनामा दिएपछि प्रदेश प्रमुख भट्टले संविधानको धारा १६८ (२) अनुसार दुई वा दुई भन्दा बढी दल मिलेर सरकार बनाउन आह्वान गरेका छन। बहुमत प्राप्त गर्न सक्ने दलले चैत २७ गते दिउँसो ३ बजेभित्र दाबी पेश गर्नुपर्नेछ । केन्द्रमा सत्ता गठबन्धन फेरिएपछि मुख्यमन्त्री पाण्डेले २२ फागुनमा माओवादी केन्द्रका मन्त्रीहरु बर्खास्त गरेका थिए । त्यसपछि २३ फागुनमा माओवादीले उनलाई दिएको समर्थन फिर्ता लिएको थियो । संवैधानिक प्रावधान अनुसार २२ चैतभित्र विश्वासको मत लिनुपर्ने भए पनि पाण्डेले विश्वासको मत पाउने सम्भावना नरहेको भन्दै बुधबार राजीनामा दिए ।

६० सदस्यीय गण्डकी प्रदेशसभामा सबैभन्दा ठूलो दल कांग्रेसको २७, एमालेको २२, माओवादी केन्द्रको ८, राप्रपाको २ र स्वतन्त्र सांसद दीपक मनाङे छन् । सरकार गठनका लागि ३१ सांसदको समर्थन आवश्यक पर्छ । राप्रपाले सत्ता गठबन्धनलाई समर्थन नगर्ने पदाधिकारी बैठकले निर्णय गरेको छ । राप्रपाको समर्थन विना बहुमतको सरकार बन्ने संभावना ज्यादै न्यून छ। राप्रपा सरकारमा नजाने बहुमत दुवै गठबन्धनले पुर्याउन नसक्दा ठूलो दलको आधारमा काङ्ग्रेसका पाण्डे पुन मुख्यमन्त्री हुन सक्छन।उनले पनि बहुमत पाउन सक्ने अबस्था न्यून छ।त्यस्तो अवस्था आएमा मध्यावधिमा जान सक्ने भएको हुँदा राप्रपाले बहुमत पुर्याउन सक्नेलाई समर्थन गरेर प्रदेश सभालाई बचाउन सक्छ ।

राजनीतिक स्थिरता र राष्ट्रिय शक्तिलाई बलियो बनाउनुपर्ने बेला केन्द्र देखि प्रदेश सरकार अस्थिर हुनु देश कमजोर हुनु हो।राष्ट्रियतालाई बलियो बनाउन चाहने राजनीतिक शक्तिलाई बाहिर राखेर राष्ट्रियताई कमजोर बनाउने दललाई सहयोग पुग्ने निर्णय गर्नु देशलाई बलियो बन्न नदिनु हो।राजनीतिक दलआफ्नो निर्णय गर्न सक्षम छैनन भन्ने देखाएको छ । राजनीतिक दलको बाहिर देखिने र चलाउने नेतृत्व अलग अलग हुँदा अस्थिरता आउँछ। आफ्नो पदको सुरक्षाका लागि राष्ट्रियता कमजोर बनाउनेलाई चिनाउने मौका दिएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जगदम्बा ट्राभल्सलद्धारा पोखरा काठमाडौं सोफासिटको लक्जरियस बस सेवा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत



पोखरा जगदम्बा ट्राभल्सले पोखरा काठमाण्डौं रुटमा लक्जरियस बस सेवा पुनः संचालन गर्ने भएको छ । विगत केही बर्ष देखि अत्याधुनिक बस सेवा संचालन गर्दै आएको जगदम्बा ट्राभल्सले यसपाली हालसम्मकै बढी सेवा सुविधा सहितको बस सेवा संचालनमा विहिबार देखि ल्याउने भएको जगदम्बा ट्राभल्सका अध्यक्ष युवा व्यवसायी केशव प्रसाद अधिकारीले बताउनु भयो ।

उक्त बस सेवा संचालन हुनु पूर्व अवसरमा बुधबार पोखराको प्रस्याङ देखि हेमजा हुदै फेदीसम्मको यात्रा गरिएको उहाँले जनाउनु भयो । यात्राको क्रममा सहभागि यात्रुलाई हजाई जहाजमा भन्दा बढी सेवा सुविधाहरु उपलब्ध गराएको कम्पनीले दाबी गरेको छ । चौथो संस्करणको अत्याधुनिक सुबिधा सम्पन्न दिवा तथा रात्री बस सेवा पुनः थप गरेको अध्यक्ष अधिकारीले बताउनु भयो । विगत एक दशक देखि पोखरा काठमाण्डौंमा स्तरिय बस सेवा संचालन गर्दै आएको जगदम्बा ट्राभल्सले यात्रुहरुको सेवालाई मध्यनजर गरी अत्याधुनिक सेवा लक्जरियस सेवा सुविधा भएको बस सेवा पुनः चैत २२ गते बुधबार देखि संचालन हुने भएको आफुहरुले चौथो संस्करणको उच्चस्तरिय बस सेवा विस्तार गरेको बताउदै अध्यक्ष अधिकारीले हाल उक्त बस भित्रै क्रु (बस एयर होष्टेज) सहित बस भित्रै चिसो, तातो पानी, चिया, कफि र खाजाको व्यबस्था गरिएको उल्लेख गर्नु भयो । हजाई जहाज भन्दा उच्च स्तरिय बसमा सोफाको सिटहरु रहेको बताउदै उहाँले ४० सिटे बसलाई लक्जरियस सेवा सुविधा सम्पन्न बनाउनको लागि २९ सिटमा झारिएको उल्लेख गरे । बसमा यात्रा गर्दा यात्रुलाई बस भित्रै सौचालयको ब्यबसथा गरिएकोले बिरामीहरुको लागि पनि उक्त बस सेवा निकै उपयुत्त हुने अध्यक्ष अधिकारीको भनाई छ । पोखरा देखि काठमाण्डौंको लागि हरेक दिन बिहान ७:३० बजे पोखरा प्रस्याङबाट लेकसाइड हुदै काठमाण्डौं जाने भएको छ भने काठमाण्डौको मल्ल होटल लैनचौरबाट बिहान ७:३० बजे पोखराको लागि बस छुट्ने भएको छ । उक्त बसमा यात्रुलाई पानी देखि मिठाई, खाजा , खाना सहितको सुविधा हुने भएको छ भने यात्रुको भाडा मुल्य २ हजार ५ सय रहेको छ । उक्त बसको रात्रि बस सेवा समेत संचालन हुदै छ । रात्रि बसको भने खाना बाहेक गर्दा भाडा शुल्क २ हजार रहेको कम्पनीले जनाएको छ । बसमा चालक, सहचालक तथा २ जना क्रु रहने भएका छन् । गण्डकी प्रदेशका सांसद प्रकाश बराल सहितको विभिन्न राजनीतिक दलका नेता तथा जनप्रतिनिधि सहभागि हुनु भएको थियो । पोखरा क्षेत्रमा पोखरा काठमाण्डौं सहित अन्य देशका पर्यटकीय गन्तव्यहरुसम्म यस्तै स्तरिय बस सेवा संचालन गर्न सांसद बरालले आग्रह गर्नु भयो । उक्त बसहरु पृथ्बीराज मार्ग बस संचालक कम्पनी मार्फत संचालन हुने भएको कम्पनीका अध्यक्ष योगेन्द्र केसीले बताउनु भयो । पोखरालाई पर्यटनको राजधानि घोषणा भएको सन्दर्भमा यस्ता बस सेवाले पोखराको पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो ।

# दुरा समुदायलाई मातृभाषा सिकाइँदै

**पोखरापत्र संवाददाता**
दमौली, २१ चैत

व्यास नगरपालिका-११ तनहुँसुर चिसापानीका दुरा समुदायलाई मातृभाषा सिकाउन थालिएको छ । जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सहयोग र दुरा सेवा समाजको आयोजनामा यहाँका दुरालाई मातृभाषा तालिम प्रदान गरिएको हो । लमजुङको दुराडाँडा सेरोफेरो र कुन्छाबाट बसाइँ सरी आएकामध्ये १५ जनालाई छनोट गरी मातृभाषा सिकाइएको छ ।

दुरा जातिले आफ्नो मातृभाषा नजानेकाले तालिम आयोजना गरिएको दुरा सेवा समाजका सदस्य दिलु दुराले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “हरेक जातिले आफ्नो भाषा, संस्कृति जोगाउनुपर्छ । हामीलाई मातृभाषा बोल्न आउँदैन । तालिम सञ्चालन गरी भाषा सिकाएर यसको संरक्षण गर्न खोजेका हौँ ।”

दुरा सेवा समाजका पूर्वअध्यक्ष एवं सल्लाहकार देव दुराका अनुसार चैत १७ देखि सुरु तालिम चैत २६ गतेसम्म सञ्चालन हुनेछ । तालिममा भाषा आयोगका नमूनाअनुसारको पाठ्यसामग्री समावेश गरिएको छ । दुरा जातिले आफ्नो भाषा बिर्सिंदै गएकाले मातृभाषा तालिम सञ्चालन गरेर उदाहरणीय प्रयास भएको व्यास नगरपालिका-११ का वडाध्यक्ष दलबहादुर दुराले बताउनुभयो । सोही वडाका सदस्य गोकुल दुराले भाषा सिक्नु भनेको पहिचान जोगाउनु हो भन्नुभयो ।

दुरा सेवा समाज तनहुँका अध्यक्ष कृष्णबहादुर दुराले यसअघि व्यास नगरपालिका-१ र ४ मा बसोबास गर्ने दुरा समुदायलाई मातृभाषा सिकाइएको जानकारी दिनुभयो । तालिममा मुक्तिनाथ घिमिरे र कमला दुराले भाषा सिकाइरहनुभएको छ । दुराडाँडास्थित गणेश माध्यमिक विद्यालयमा अध्यापन गराउँदा सोही सेरोफेरोमा घुमेर दुरा भाषाको शब्द सङ्कलन गरेको उहाँले बताउनुभयो । घिमिरेले भन्नुभयो, “दुराडाँडामा दुरा जातिको बाक्लो बस्ती छ । त्यहाँमा बुढापाकासँग मैले शब्दहरू सङ्कलन गरेँ । अहिले पछिल्लो पुस्ताले दुरा भाषा बिर्सिंदै जान थाले ।”

तनहुँका विभिन्न ठाउँमा लमजुङको दुराडाँडाबाट बसाइँ सरेका दुरा जातिका व्यक्ति बसोबास गरेको पाइन्छ । नेपालमा दुराहरूको सङ्ख्या करिब पाँच हजार चार सय रहेको बताइएको छ ।

# बालिका जबर्जस्ती करणी अभियोगमा १९ वर्ष कैद फैसला

**पोखरापत्र संवाददाता**
दमौली, २१ चैत

तनहुँ जिल्ला अदालतले बालिकालाई जबर्जस्ती करणी गरेको अभियोगमा एक अभियुक्तलाई १९ वर्ष कैद फैसला सुनाएको छ ।

जिल्ला न्यायाधीश आत्मदेव जोशीको मङ्गलबारको इजलासले सजाय निर्धारणमा अन्तिम आदेश सुनाउँदै अभियुक्त म्याग्दे गाउँपालिका-५ का सन्दीप विकलाई १९ वर्ष कैद फैसलाको निर्णय गरेको हो । साथै अभियुक्तबाट पीडितलाई रु एक लाख क्षतिपूर्ति भराउने फैसला भएको जिल्ला अदालतका स्रेस्तेदार केशवप्रसाद पौडेलले राससलाई जानकारी दिनुभयो ।

उक्त मुद्दामा तनहुँ जिल्ला अदालतमा आठ पटक पेसी तोकिएको थियो । परिवर्तित नाम २०७९ (१) लाई जबर्जस्ती करणी गरेको अभियोगमा निजविरुद्ध विसं २०७९ साउन २६ गते जबर्जस्ती करणीको मुद्दा दर्ता भएको थियो ।

आरोपितविरुद्ध बालिकाका आफन्तले विसं २०७९ साउन १ गते इलाका प्रहरी कार्यालय भिमादमा उजुरी दिएका थिए । आरोपितले विसं २०७९ असार २९ गते पोखराकी उक्त बालिकालाई मोटरसाइकलमा तनहुँको भिमाद बजारमा ल्याई एक गेष्ट हाउसमा राखी बलात्कार गरेको पीडित परिवारले उजुरीमा उल्लेख गरेका थिए । प्रहरीले विकलाई साउन १ गते पक्राउ गरेको थियो । प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमाफत साउन २६ गते बलात्कारसम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गरेकामा अदालतको आदेशमा साउन २७ गतेदेखि उनी पुर्पक्षका लागि थुनामा थिए ।

# पशुपन्छी स्वास्थ्य शिविरबाट दुई हजार किसान लाभान्वित

**पोखरापत्र संवाददाता**
गोरखा, २१ चैत

पालुङटार नगरपालिकाले सञ्चालन गरेको निःशुल्क पशुपन्छी स्वास्थ्य शिविरबाट नगरपालिकाभित्रका करिब दुई हजार किसान लाभान्वित भएका छन् ।

नगरपालिकाले चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत वडावडामा सञ्चालन गरेको शिविरबाट नगरक्षेत्रभित्रका एक हजार आठ सय ५९ किसान लाभान्वित भएको नगरपालिकाको पशु शाखाका प्रमुख रामप्रसाद देवकोटाले जानकारी दिनुभयो ।

शिविरमा किसानले पाल्दै आएका पशुपन्छी र घरपालुवा जनावरमा आन्तरिक तथा बाह्य परजीवी विरुद्धको औषधि उपचारका गर्नाका साथै बिरामी पशुपन्छीको उपचार गरिएको हो । पशुपन्छीहरूमा आन्तरिक तथा बाह्य परजीवीका कारण २५ प्रतिशतसम्म उत्पादनमा कमी आउने उहाँको भनाइ छ ।

“नगरपालिकाभित्र बढी पशुपन्छी पालन गरिएका क्षेत्रलाई लक्षित गरी विभिन्न १० स्थान छनोट गरी शिविर सञ्चालन गरिएको थियो”, नगरपालिकाका पशु चिकित्सक डा सुरज मरहट्टाले भन्नुभयो, “शिविरमा उपचारका लागि आफ्ना पशुवस्तु ल्याउनका प्रत्येक वडामा एक हप्ताअघि सूचनामार्फत प्रचारप्रसार गरी शिविर सञ्चालन गरिएको हो ।” शिविरमा पशुमा देखिएका समस्याको पहिचान, सामान्य शल्यक्रिया, गोरु, बोकाहरूको बन्ध्याकरण गर्नाका साथै कुकुर, बिरालोमा एन्टीरेविजविरुद्धको खोप लगाइएको उहाँले बताउनुभयो । त्यस्तै, किसानलाई आफ्ना घरपालुवा पशु र पन्छीमा लाग्नसक्ने रोग, रोगको पहिचान तथा प्राथामिक उपचारमार्फत निराकरण गर्न सकिने उपायलगायत बारेमा समेत जनचेतना प्रदान गरिएको डा मरहट्टाको भनाइ छ ।

शिविरमार्फत नगरक्षेत्रभित्र रहेका करिब १७ हजार गाईगोरु, बोकाबाख्रा, राँगाभैँसी, बङ्गुरलगायत पशु र नौ हजारभन्दा बढी पन्छीलाई निःशुल्क औषधि वितरण गरिएको उहाँले बताउनुभयो । त्यस्तै, शिविर सञ्चालन गरी दुई सय ५० भन्दा बढी घरपालुवा तथा सामुदायिक कुकुर बिरालोलाई रेबिजविरुद्धको खोप लगाइएको नगरपालिकाले जनाएको छ । शिविरमा वडा नं १ मा एक सय २७, वडा नं २ मा दुई सय, वडा नं ३ मा एक सय, वडा नं ४ मा एक सय तीन, वडा नं ५ मा ९६, वडा नं ६ मा एक सय ७५, वडा नं ७ मा एक सय ९७ र वडा नं ८ मा दुई सय १० किसान लाभान्वित भएका छन् । त्यस्तै, वडा नं ९ मा एक सय ६७ र वडा नं १० मा एक सय ६१ किसानले शिविरबाट लाभ लिएको उहाँको भनाइ छ । विभिन्न वडामा गरी तीन सय २३ किसानले आफ्ना घरपालुवा कुकुर तथा बिरालोलाई रेबिजविरुद्धको खोप लगाएको नगरपालिकाले जनाएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १४ स्थित राधाकृष्ण टोलमा १५५ मि. बाटो ढलानको तपशिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानाकारीका लागि यो सार्वजनिक सूचना गरिएको छ ।
योजनाको नाम : राधाकृष्ण टोलको मुडुला मन्दिर जाने बाटो ढलान
योजनाको कुल लागत : रु.२१,४२,०००।-
योजना सम्झौता मिति : २०८०/११/०१
योजना सुरु मिति :२०८०/११/०३
योजना सम्पन्न भएको मिति :२०८०/१२/१२
बाटोको लम्बाई : १५५ मिटर
वडा नं १४ बाट प्राप्त हुनुपर्ने रकम : १५,००,०००।-
उपभोक्ता समितिबाट : ६४२,०००।-
जम्मा खर्च : २१,४२,०००।-
उपभोक्ता समिति अध्यक्ष : तिल बहादुर गुरुङ सचिव : रविन कार्की
कोषाध्यक्ष : गौमाया थापा सदस्यहरु : दिर्घ बहादुर गुरुङ,
अनिता बराल, प्रितम नेपाली र भोज बहादुर गुरुङ
अनुगमन समिति संयोजकः गोपाल हमाल
सदस्यहरु : हरीकृष्ण कार्की र डिक बहादुर राई

**राधाकृष्ण टोलको मुडुला मन्दिर जाने बाटो ढलान उपभोक्ता समिति पोखरा-१४**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६ हरिपाउ खानेपानी तथा मुहान मर्मत योजना निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः हरिपाउ खानेपानी तथा मुहान मर्मत योजना निर्माण
ठेगानाः पोखरा-१६, हरिपाउ
योजना सम्झौता मितिः २०८०/१०/०३ गते
योजना सुरु हुने मितिः २०८०/१०/०५ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/१२/१८ गते
योजनाको कुल लागतः रु. ५,५९,३४३/४२
महानगर वडाबाट प्रप्त हुने रकमः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु.५९,३४३/४२
अध्यक्षः पोषराज आचार्य सम्पर्क नं.ः ९८०६६१६९४४

**हरिपाउ खानेपानी तथा मुहान मर्मत योजना निर्माण उपभोक्ता समिति पोखरा-१६, हरिपाउ**

# लाइन काटिएपछि नगरपालिकाले बुझायो सडक बत्तीको बक्यौता

**पोखरापत्र संवाददाता**
पर्वत, २१ चैत

लामो समयदेखि महसुल नबुझाएकाले सडक बत्तीको लाइन काटिएपछि कुश्मा नगरपालिकाले बक्यौता रकम भुक्तानी गरेको छ।

नेपाल विद्युत् प्राधिकरण पर्वत वितरण केन्द्रले लामो समयदेखि सडक बत्तीको रकम भुक्तानी नभएको भन्दै यही चैत ४ गतेदेखि कुश्माबजार क्षेत्रको लाइन काटेको थियो।

नगरपालिकाले बक्यौतामध्ये रु ५० लाख भुक्तानी गरेको केन्द्रका लेखाप्रमुख गोविन्दप्रसाद शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार पटकपटक ताकेता गर्दा पनि नगरपालिकाले बक्यौता रकम भुक्तानी नगरेपछि बाध्य भएर विद्युत्‌को लाइन काटिएको हो। हालसम्मको रु २४ लाख भुक्तानी दिन बाँकी रहेको भन्दै उक्त रकम पनि चाँडै भुक्तानी गर्ने प्रतिबद्धता नगरपालिकाले जनाएको लेखाप्रमुख शर्माले जानकारी दिनुभयो।

विद्युत् प्राधिकरणको वितरण केन्द्रका अनुसार सडकमा जडान गरिएका बिजुलीबापत पालिकाले रु ७४ लाख बढी भुक्तानी दिन बाँकी थियो। नगरपालिका र विद्युत् प्राधिकरणबीच चार वर्षअघि सडक बत्तीसम्बन्धी सम्झौता भएअनुसार सडक बत्तीबापतको रकम नगरपालिकाले भुक्तानी गर्ने उल्लेख थियो।

केन्द्र हरेक बत्तीको 'मिटरबक्स' राखेर मात्रै सडक बत्तीको लाइन पुनः जोड्ने तयारी भइरहेको जनाएको छ।

सडक बत्तीमा प्रयोग हुने मिटरबक्स विद्युत् प्राधिकरणले निःशुल्क दिने र तार नगरपालिकाले उपलब्ध गराउने सहमति भएको वितरण केन्द्रका प्रमुख प्रितमराज विष्टले जानकारी दिनुभयो। नयाँ सम्झौता गरेर हरेक बत्तीको मिटरबक्स नराखेसम्म लाइन नजोडिने उहाँको भनाइ छ।

कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु तिवारीले बजेट अभावका कारण पूरै भुक्तानी गर्न नसकिएको बताउनुभयो। बाँकी रहेको बक्यौता रकम भुक्तानीका लागि आगामी आर्थिक वर्षको बजेटबाट व्यवस्थापन गरिने उहाँले जानकारी दिनुभयो। सडक बत्तीको लाइन काटिएपछि अहिले कुश्माबजार र आसपासका वडा अन्धकार बनेका छन्। रातिको समयमा पनि झलमल्ल हुने बजारका चोक तथा गल्लीहरू दुई सातादेखि अन्धकार बनेका हुन्।

प्राधिकरणको पर्वत वितरण केन्द्रका लेखाप्रमुख शर्माले बक्यौता रकम असुलीमा केन्द्र सक्रिय भएर लागिरहेको बताउनुभयो। नगरपालिका, सरकारी कार्यालय, सामुदायिक सङ्घसंस्था वा निजी घरहरूमा रहेको बक्यौता रकम असुली गर्ने अभियान नै सञ्चालन गरिएको उहाँको भनाइ छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं.-२१, चिलाउने खर्क मुल सडक हुँदै जलदेवी मन्दिरदेखि ढुंगे घरसम्म जाने बाटो तथा शौचालय निर्माणको बाटो ढलान, जलदेवी मन्दिरको खोल्सा नियन्त्रण, ताल जाली ग्याबिन, शौचालय निर्माण सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी तथा खर्च बारे सरोकारवालाहरूको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।**

योजनाको नाम :
**चिलाउने खर्क मुल सडक हुँदै जलदेवी मन्दिरदेखि ढुंगे घरसम्म जाने बाटो तथा शौचालय निर्माण**

| | |
|---|---|
| **योजनाको अनुमानित लागत** | : रू. ९,४७,४९३।९४ |
| **योजना सम्झौता मिति** | : २०८०।०९।०६ |
| **योजना शुरू भएको मिति** | : २०८०।०९।०७ |
| **योजना सम्पन्न हुने मिति** | : २०८०।१२।३० |
| **महानगरपालिकाबाट प्राप्त रकम** | : रू. ८,५०,०००।- |
| **उपभोक्ता (जनसहभागिता)बाट** | : रू. ८५,०००।- |

**पुरुष सदस्य संख्या : ५ जना । महिला सदस्य संख्या : २ जना**

**कर्ण बहादुर थापा मगर**
**अध्यक्ष (९८१६६१५२०५)**
**चलाउने खर्क मुल सडक हुँदै जलदेवी मन्दिरदेखि ढुंगे घरसम्म जाने बाटो तथा शौचालय निर्माण उपभोक्ता समिति**
पोखरा-२१

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१, अम्मरेको डहर देखि पधेरा घर जाने बाटो निर्माण गर्दा भएको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पादर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : अम्मरेको तहरादेखि पधेरा घर जाने (बाटो)
**उपभोक्ता समितिको नाम** : अम्मरेको तहरादेखि पधेरा घर जाने बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
**योजना सम्झौता मिति** : २०८०/१०/११ गते
**काम सुरु मिति** : २०८०/११/१२ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/१२/१० गते
**महानगरपालिकाबाट** : रु. ५,००,०००/-
**जनसहभागिता** : रु ५७,००७/-
**जम्मा लागत** : रु ५,५७,००७/-

**श्रीबहादुर रानाभाट**
अध्यक्ष
**अम्मरेको तहरादेखि पधेरा घर जाने बाटो निर्माण उपभोक्ता समिति**
पोखरा-२१, कास्की

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/१२/२१

यस कार्यालयबाट मिति २०७७/०७/०४ मा कास्की जिल्ला पोखरा २७ कास्कीमा संचालन गर्ने गरि पोखरा २७ कास्की निवासी लक्ष्मी लामिछाने अधिकारीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १७९९५/०७७/०७८ (१०६२) को श्री सरोजिनी मसला उद्योग नामक प्राईभेट फर्म मिति २०८०/१२/२१ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# बाँझो जमिनमा खेती गराउँदै कुश्मा नगरपालिका

**पोखरापत्र संवाददाता**
पर्वत, २१ चैत

बढ्दो युवा पलायन, जनशक्तिको अभाव, बाँदर आतङ्कलगायत कारणले जमिन बाँझो रहने क्रम बढेपछि त्यसलाई रोक्न कुश्मा नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई त्यसतर्फ केन्द्रित गरेको छ।

नगरपालिकाले बढी बाँझो जमिन रहेका वडाहरूमा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत भएका युवायुवतीलाई अन्नबाली लगाउन सघाएको छ। वडा नं १४ आर्थर डाँडाखर्कमा रहेको दुई सय रोपनी बाँझो जग्गामा न्यूनतम रोजगारीमा संलग्न हुन चाहेका वडाका १५ जना सूचीकृत बेरोजगारलाई कोदो र मकैखेतीका माध्यमबाट रोजगारी प्रदान गरेको हो। नगरपालिकाका रोजगार संयोजक अमृत सुवेदीका अनुसार राज्यले प्रदान गरेको सशर्त अनुदानलाई स्थानीय तहले कार्यक्रमको उद्देश्यअनुरुप बेरोजगारलाई रोजगार प्रदान गर्दै बाँझो जग्गाको सदुपयोग थालेको छभने उत्पादित कृषि उपजको बिक्री गरेर पालिकाको आयमा टेवा पुगेको छ। पालिकाका अन्य वडामा पनि प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सुचीकृत भएका बेरोजगारलाई बाँझो जमिन सदुपयोगमा लगाइने नगरपालिकाले जनाएको छ।

कुश्मा नगरपालिकाका प्रमुख रामचन्द्र जोशीले पालिकाकको नीति तथा कार्यक्रमअनुसार यो कार्यको थालनी भएको बताउनुभयो। उहाँले गाउँमा खेतीपाती गर्ने जनशक्तिको अभाव रहेको अवस्थामा यो कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गर्नुभयो। प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाले सात सय ५३ वटै पालिकामा रोजगार सिर्जना शीर्षकमा प्रत्येक आर्थिक वर्षमा सशर्त अनुदान प्रदान गर्दै आएको छ।

# कृष्णगण्डकी परियोजनामा चार करोडको पूर्वाधार

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ चैत

एक वर्षअघि देखि निर्माण थालिएको बृहत् कृष्णगण्डकी परियोजनालाई तीर्थस्थलका रूपमा विकास गरिएको छ।

कालीगण्डकीको धार्मिक महत्वलाई संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले तीर्थस्थलका रूपमा विकास गर्न थालिएको उक्त परियोजनाअन्तर्गत हालसम्म रु चार करोडको पूर्वाधार निर्माण गरिएको परियोजना कार्यालयले जनाएको छ। शालग्राम पाइने एक मात्र नदी कालीगण्डकी किनारमा निर्माण थालिएको कृष्णगण्डकी परियोजनाले गण्डकी सभ्यता, शालग्राम संरक्षण र नदीको महत्व दर्शाउने लक्ष्य लिनाका साथै पवित्र तीर्थस्थलका रूपमा धार्मिक पर्यटक भित्र्याउने लक्ष्य लिएको छ। कालीगण्डकी नदीलाई संस्कृति भाषामा कृष्ण गण्डकी भनिन्छ। गण्डकी र शालग्रामको महिमा नबुझ्दा नदीको सभ्यता र शालग्राम लोप भएर जाने भएकाले यसको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि नदी किनारमा एक वर्षअघि मात्रै कृष्णगण्डकी बृहत् परियोजना सञ्चालनमा ल्याइएको थियो।

सत्सङ्ग हल, कालीगण्डकी कटान नियन्त्रण र बस्ती संरक्षण, पैदल मार्गको ढुङ्गा छाप्ने, जग्गा व्यवस्थापन, तारजाली र पर्खाल लगाउने काम भइरहेको छ। सनातन हिन्दू धर्म, संस्कृति र सबैभन्दा पुरानो सभ्यतामध्येकोएककालीगण्डकीको प्रसारप्रचार र संरक्षणका लागि बृहत् कृष्णगण्डकी परियोजना निर्माणले तीव्रता पाएको अन्तर ष्ट्रिय कृष्ण भावनामृत सङ्घ (स्कोन) का केन्द्रीय अध्यक्ष परमेश्वर अच्युत दासले जानकारी दिनुभयो। "हाम्रो लक्ष्य बृहत् छ, गण्डकीको महिमा बुझाउन र यसको प्रवर्द्धन गरी पर्यटकीय गतिविधि बढाउन नदी किनारमै परियोजना सञ्चालनमा ल्याइएका छौँ। विदेशीहरूले गण्डकीको महिमा बुझिसकेको अवस्थामा हामी भने नदी दोहन गरिरहेका छौँ", अध्यक्ष दासले भन्नुभयो।

# गरगहना लुटपाटका लागि दम्पतीको हत्या भएको पुष्टि

**पोखरापत्र संवाददाता**
पर्वत, २१ चैत

पर्वतको जलजला गाउँपालिका-२ मा भएको दम्पतीको हत्या गरगहना तथा नगद लुटपाटका लागि गरिएको पुष्टि भएको छ।

पर्वतको जलजला गाउँपालिका-२ स्थित मल्लाज दहमा सोमबार राति स्थानीय ६९ वर्षीय सूर्यबहादुर जिसी र उनकी पत्नी ६७ वर्षीया कमला जिसीको हत्या भएको थियो। जिल्ला प्रहरी कार्यालय पर्वतका प्रमुख प्रहरी नायब उपरीक्षक खुमलाल भुसालले लुटपाट गर्ने उद्देश्यले हत्या भएको बताउनुभयो। उहाँका अनुसार हत्यामा संलग्नले सूर्यबहादुरले लगाएको सुनको औँठी तथा कमलाले लगाएको सिक्री र कानको रिङ लुटेर लगेका छन्। मृतक कमलाको कानको लोती नै च्यातेर रिङ निकालेको पाइएको छ। सूर्यबहादुरका कोट तथा पाइन्टका खल्तीहरू फुकालिएको, सुत्ने पलङका बाकस फोडिएको जस्ता दृश्यले लुटपाटकै कारण हत्या भएको पुष्टि भएको प्रहरीले जनाएको छ। प्रनाउ भुसालका अनुसार मृतक दम्पतीको घाँटी र टाउकामा चोट लागेको छ। धारिलो हतियार प्रहार गरी उनीहरूको हत्या गरिएको उहाँले बताउनुभयो। "लुटपाट गर्ने उद्देश्यले हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानको निष्कर्ष छ", उहाँले भन्नुभयो, "अहिलेसम्म हत्यामा संलग्न आरोपी पक्राउ भने परेका छैनन्।" हत्यामा प्रयोग भएको हँसिया प्रहरीले बरामद गरेको छ। भुसालले विभिन्न कोणबाट अनुसन्धान भइरहेको बताउनुभयो। प्राविधिकतर्फ गण्डकी प्रदेश प्रहरीले अनुसन्धान गरिरहेको र 'म्यानुअल'तर्फ जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले अनुसन्धान गरिरहेको उहाँले बताउनुभयो। हत्यामा संलग्नले मोबाइल नबोकि आएका कारण खोजी कार्यमा केही कठिनाइ भएको उहाँले बताउनुभयो। सूर्यबहादुर दम्पतीले गाउँमा किराना पसल र मिल सञ्चालन गर्दै आएका थिए। जिसीका दुई छोरा दक्षिण कोरियामा छन्। जेठा छोराले म्याग्दीको बेनीमा फेन्सी पसल सञ्चालन गर्दै आउनुभएको छ। उनीहरूको घरभन्दा करिब २० मिनेट माथि बस्ती छ। शंकास्पदसँग प्रहरीले सोधपुछ गरिरहेको छ। मृतक दम्पतीको शव परीक्षणका लागि म्याग्दी अस्पतालमा राखिएको छ। कोरियामा रहेका दुई छोरा आज रातिसम्म आइपुग्ने भएकाले भोलिमात्र शव परीक्षण गरिने प्रहरीले जनाएको छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६ देउरालीडाँडा अर्यालचौर सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः देउरालीडाँडा अर्यालचौर सडक निर्माण
ठेगानाः पोखरा-१६, देउरालीडाँडा
योजना सम्झौता मितिः २०८०/०९/०१ गते
योजना सुरु हुने मितिः २०८०/०९/०३ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/१२/२१ गते
योजनाको कुल लागतः रु. ११,९६,७०८/६७
महानगर/ वडावाट प्राप्त हुने रकमः रु १०,७७,०००/-
जनसहभागिताबाटः रु.१,१९,६६६/६७
उपभोक्ता समिति अध्यक्षःगोकर्ण आचार्य
सचिवः यम प्रसाद आचार्य

**देउरालीडाँडा अर्यालचौर सडक निर्माण योजना उपभोक्ता समिति पोखरा-१६, देउरालीडाँडा**

## श्री सैनिक आवासीय महाविद्यालय

**फुलबारी, पोखरा**

**सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना**

**सूचना नं.: NAWF/SAMV/PKR/080/81/01**
**प्रथम पटक प्रकाशित मिति :- २०८०/१२/२२ गते।**

यस महाविद्यालयमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२:०० बजेसम्म यस महाविद्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आव्हान गरिन्छ। यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस महाविद्यालयको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ।

लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मुल्य (मु.अ.कर बाहेक) रु.३,५९,७०२.२५ (अक्षेरुपी तिन लाख उनान्साठी हजार सात सय दुई र पैसा पच्चिस मात्र) रहेको छ।

## शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ९-१२)को अनुदान कोटामा रिक्त प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८०/१२/२१ को चलानी नं. ६०९ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०६ /०८०/०८१ | प्रशिक्षक | उ.मा.वि. कक्षा (११-१२) | कृषि (बाली विज्ञान) | द्वितीय | १ | अस्थायी करार | एम.एस्सी एजी वा सो सरह |
| २ | ०७ /०८०/०८१ | प्रशिक्षक | मा.वि. कक्षा (११-१२) | कृषि (बाली विज्ञान) | तृतीय | १ | अस्थायी करार | बी. एस्सी एजी |

१. शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा माथि उल्लेखित तह उत्तीर्ण गरेको हुनुपर्ने।
२. छनौटका आधारहरुः लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता।
३. उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः
निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति।
४. दरखास्त दस्तुरः रु २०००।- तिरेको सक्कल रसिद।
५. दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मितिः २०८१ बैशाख ५ गते कार्यालय समयभित्र।
६. तलब स्केलः नेपाल सरकारको नियमानुसार।
७. परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ।
विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की फोन नं. ०६१-६२१५६५**